ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी

कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट

एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

अस्तित्व रक्षाको सँघारमा विद्यार्थी आन्दोलन ②
३ वर्षपछि आएका डाक्टर २ महिनामै सरुवा ③
उर्जा क्षेत्रमा विकास गर्न पूर्वाधार सुधार हुनुपर्छ : मुख्यमन्त्री शाह ④

वर्ष २१ अंक २०९ वि.सं. २०७९ चैत ९ गते बिहीबार (Mar. 23 Thursday 2023) मुल्य रु. ४/- पेज -४

### जिल्ला प्रशासनमा राहदानी बनाउनेको भीड

## सर्भर प्रणालीको क्षमता बढाइदिए समस्या समाधान हुन्छ : प्रमुख जिल्ला अधिकारी कटेल

**पोष्ट संवाददाता**

धनगढी । जिल्ला प्रशासन कार्यालय कैलालीमा राहदानी बनाउने नागरिको संख्या बढेपनि प्रशासनले भने प्राबिधिक कर्मचारी अभावको कारण देखाउँदै सीमित नागरिकको मात्रै राहदानी फारम भर्न सक्ने व्यवस्था गरेको सेवा ग्राहीको गुनासो छ । सीमित मानिसको मात्रै राहदानी फारम स्वकृत हुने अवस्थाले दिनभरी लाइनमा बसेर वेलुका निरास भएर घर फर्कनु पर्ने समस्या रहेको नागरिकको गुनासो छ ।

जिल्ला प्रशासन कार्यालय कैलालीले भने सर्भरको समस्या र राहदानीका क्यामेरा सहितको कम्प्युटर एक थानमात्रै उपलब्ध हुँदा समस्या भएको जनाएको छ ।

'क्यामेरा सहितिको कम्प्यूटर प्रशासनमा एउटा मात्रै रहेको छ,' जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी तथा प्रमुख प्रशासकिय अधिकृत शिवराज जोशीले भेने, जसका कारण एक दिनमा धेरै मानिसाको राहदानि फारम भर्न सकिएको छैन, अर्को क्यामेराको पनि व्यवस्था हुन सके र परराष्ट्र मन्त्रालयले सर्भरको क्षेमता बढाइदिएको खण्डमा यो समस्या समाधान हुन सक्दथ्यो ।'

सुवाग्राहीले भने विभिन्न बाहनामा नागरिकलाई दुःख दिने काम भइरहेको बताएका छन् । 'म चुरेबाटा तीन देखि लगातार जिल्ला प्रशासन कार्यालय धाइरहेको छु,' चुरे गाउँपालिका-५ का विमल धामीले भने, 'तर सधै पालो नपुगेर



फर्किनुपरेको छ, प्रशासन गम्भिर नहुँदा टाढाबाट आउने मजस्ता धेरै नागरिकले दुःख पाइरहेका छन् ।'

राहदानी बनाउन काठमाण्डौं जाँदा धेरै खर्च हुन्छ भनेर जिल्ला प्रशासनमा आएको बताउँदै उनले प्रशासनमा दैनिक धाउनु पर्दा झनै खर्च बढेको बताए । 'स्वदेशमा रोजगारी नपाइने अवस्था भएपछि वैदेशिक रोजगारीमा जाने प्रक्रियाका लागि राहदानी बनाउने सोच बनाएको हुँ,' धामीले भने, 'तर राहदानी बनाउनै समय वित्न थालेको छ,' प्रशासनीक कामनै छिटो छरितो नहुँदा निरासा बढेको छ ।'

चुरेकै मंगल तामाङले प्रणाली सुधार गरेर जनतालाई टिछो छरितो सेवा दिनुपर्ने बताए । 'बिहान देखि लाइनमा बसेका सेवा ग्राही वेलुका पालो नपाएर घर फर्कने गरेका छन्,' उनले भने, 'बाध्यताले विदेशिने युवालाई सरकारले समयमा राहदानि समेत दिन नसक्नु विडम्बनाको कुराहो, यसलाई सुधार गर्नु आवश्यक छ ।'

धनगढी आसपासका नागरिकलाई एक दिन राहदानीको फारम स्वीकृत नहुँदा कुनै समस्या नहुनेभएपनि टाढाबाट आउने सेवाग्राहीलाई दैनिक प्रशासन धाई रहन समस्या हुने गरेको उनले बताए । 'चुरेबाट धनगढी आउन कम्तिमा दुई हजार दैनिक खर्च हुन्छ,' उनले भने, 'त्यसैमाथी एक दिनमा काम नभएको अवस्थामा धनगढीमै बस्नुपर्ने अवस्था भएमा ५-६ हजार खर्च भइहाल्छ, विपन्न वर्गलाई त्यत्रो पैसा जुटाउन मुस्किल हुने गर्दछ, नागरिकका समस्या बुझेर प्रशासनले पनि छिटो छरितो सेवा दिन पहल गर्नु जरुरी छ ।'

कैलालीका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले भने सर्भरको समस्या र एउटा मात्रै कम्प्युटरमा क्यामरा हुँदा समस्या भएको बताएका छन् । आफु जिल्लामा आउन अघि दैनिक १५-२० जनाको मात्रै राहदानी फारम स्वकृत हुने अवस्था रहेकोमा अहिले दैनिक ८० जना सम्मको फारम भर्न सकिने अवस्था रहेको उनले बताए । 'दुई जना फोटो खिच्ने जनशसक्ती थप गरेर नागरिकलाई बढीभन्दा बढी सेवा दिने गरिएको छ,' प्रमुख जिल्ला अधिकारी कटेलले भने, 'तर परराष्टको सर्भर खुल्नै समय लाग्ने गर्दछ, जसकारकाण हामीले चाहेर पनि धेरैलाई सेवा प्रदान गर्न सकिरहेका छैनौं ।'

प्रशासनमा क्यामरो सहितको कम्प्युटर सेट पनि एउटा मात्रै रहेको उनले बताए । एउटा कम्प्युटरबाट सेवा दिदा दैनिक ७०-८० जना भन्दा बढी सेवा ग्राहीलाई सेवा दिन नसकिने अवस्था रहेको प्रमुख जिल्ला अधिकारी कटेलले बताए । यदी प्रराष्ट्र मन्त्रालयले सर्भरको क्षमता बढाउने हो र फोटो सहितको कम्प्युटरको थप व्यवस्था गरेको अवस्थामा यो समस्या समाधान हुने प्रमुख जिल्ला अधिकारी कटेलले बताए ।

'त्यसका लागि सर्भरको क्षमता बढाइनु अपरिहार्य छ,' प्रमुख जिल्ला अधिकारी कटेलले भने, 'क्यामरा सहितको कम्प्युटर पनि थप्नु पर्दछ, त्यासेगर्नसके प्रशासनमा राहदानी फारम भर्न आउने सवै नागरिकलाई सहजै सेवा दिन सकिन्छ ।'

## गाउँपालिका महाँसंघ प्रदेश अध्यक्षमा लोकेन्द्र बहादुर शाही चयन



**पोष्ट संवाददाता**

धनगढी । गाउँपालिका राष्ट्रिय महाँसंघ सुदूरपश्चिम प्रदेश कार्यसमितिको अध्यक्षमा डोटीको के.आई.सिंह गाउँपालिकाका अध्यक्ष समेत रहेका लाकेन्द्र बहादुर शाही चयन भएका छन् ।

कैलालीको बैनियामा मंगलबार देखि भएको गाउँपालिका महाँसंघको अधिवेसनबाट शाही अध्यक्षमा चयन भएका हुन् ।

यसैगरी महाँसंघको प्रदेश उपाध्यक्षमा खप्तडछान्ना गाउँपालिका बझाङका अध्यक्ष उत्तम बहादुर राकाया चयन भएका छन्, भने सचिवमा बाजुराको गौमुल गाउँपालिकाका अध्यक्ष हरी बहादुर रोकाया, सह सचिवमा तुर्माखाद गाउँपालिका अछामका अध्यक्ष डम्मरबहादुर बिसि र कोषाध्यक्षमा मार्मा गाउँपालिका दार्चुलाका अध्यक्ष जमनसिंह धामी चयन भएका छन् ।

सदस्यहरुमा साईपाल गाउँपालिका बझाङकी उपाध्यक्ष डोल्मा तामाङ, लेकम गाउँपालिका दार्चुलाका उपाध्यक्ष माधवि जोशी, जोशीपुर गाउँपालिका उपाध्यक्ष रेखादेवि कठरिया, छबिसपाथिभेरा गाउँपालिका बझाङका अध्यक्ष वसन्तबहादुर चलाउने, आलिताल गाउँपालिकाकी डडेल्धुराकी उपाध्यक्ष मैनाकुमारी रावल, मेल्लेख गाउँपालिका अछामका उपाध्यक्ष निर्पबहादुर खड्का, कैलारी गाउापालिकाकी उपाध्यक्ष भगवति कुमारी चौधरी, खप्तड छेडेदह गाउँपालिका बाजुराकी उपाध्यक्ष बिसुदेवि नाथ, नौगाढ गाउँपालिका दार्चुलाका उपाध्यक्ष जगतसिंह ठगुन्ना र सुर्नया गाउँपालिका बैतडीकी उपाध्यक्ष मञ्जु महरा बोहरा चयन भएका छन्

गाउँपालिका राष्ट्रिय महाँसंघको विधान अनुसार महाँसंघको प्रदेश कमिटि अध्यक्ष र उपाध्यक्ष पद प्रदेशको ठुलो दलले पाउने व्यवस्था रहेको छ । त्यसैगरी उपाध्यक्ष र सचिव दोश्रो ठेलो दलको तर्फबाट हुने व्यवस्था रहेको छ, भने कोषाध्यक्ष तेश्रो ठुलो दलका तर्फबाट हुने व्यवस्था रहेको छ । जस अनुसार नेपाली कांग्रेसले अध्यक्ष र उपाध्यक्ष पाएको छ भने, सचिव र सहसचिव नेकपा एमालेले पाउँदा कोषाध्यक्ष पद नेकपा माओबादी केन्द्रले पाएको छ । सदस्यमा ५ जना नेपाली कांग्रेसबाट, दुई जना नेकपा एमालेबाट, दुई जना नेकपा माओबादी केन्द्रबाट र एकजना सदस्य नागरिक उन्मुक्ति पार्टीको तर्फबाट चयन भएका हुन् ।

## कैलालीका उत्कृष्ट तीन कृषक पुरस्कृत



**पोष्ट संवाददाता**

धनगढी । कैलालीका तीन जना उत्कृष्ट कृषकलाई भीमदत्त उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत गरिएको छ ।

कृषि निर्देशनालय डोटीले बुधबार एक कार्यक्रमका विच कृषकलाई नगद २५ हजार सहित सम्मान गरेको हो । सम्मानित हुनेमा धनगढी-५ मा वेमौसमि तरकारी खेति तथा गड्यौलाको मल उत्पादन गर्दै आएका किसान रामकृष्न चौधरी, घोडाघोडी नगरपालिका-८ का कुखुरा पालक किसान पहलमान देउवा र लम्कीचुहा नगरपालिका-९ का माछापालक किसान खडक बहादुर महतो रहेका छन् ।

पुरस्कित तीनै जना किसानलाई जिल्ला समन्वय समिति कैलालीमा कार्यवाहक प्रमुख खगेन्द्र भुषालले नगद तथा दोषल्ला ओढाएर सम्मान गरेका हुन् ।

कार्यबहाक प्रमुख भुषालले कृषि पेशामा युवा आकर्षण बढाउन र व्यवसायमा लागेका युवाको मनोवल बढाउन थोरै भएपनि पुरस्कार सहति सम्मान गरिएको बताए । 'हुनत २५ हजार रकम ठुलो राशी हैन,' कार्यबहाक समन्वय प्रमुख भुषालले भने, 'अहिले कृषिमा लागेका युवाको मनोवल माथी उकास्न र युवालाई कृषि व्यवसायमा आकर्षित गर्न यस्तो व्यवस्था गरिएको हो, यसले व्यवसायीक सम्मान भएको आभाष हुने छ ।'

उनले कृषि व्यवसायलाई सम्मान गर्न सक्नुपर्ने बताए । सवैले कृषि व्यवसायलाई सम्मान गर्ने र बाँझो जमिन नराख्ने रणनीति अनुसार काम गर्न सकेको अवस्थामा कृषि उपज वस्तु आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुन सक्ने उनले बताए ।

उनले कृषि व्यवसायमा लाग्ने धेरै युवा भएपनि तीन जनालाई मात्रै सम्मान दिनु अलि नसुहाएको भन्दै आगामी बर्ष देखि पुरस्कार पाउने कृषकको संख्या र धनराशी पनि बढाइनु पर्नेमा(बाँकी ३पेजमा)

### किसान भन्छन् विचौलियाको जालो भत्काउनु पर्छ

भीमदत्त उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित भएका कैलालीका किसानले उत्पादन कृषि वस्तुलाई सिधै उपभोक्ता सम्म पुऱ्याउने व्यवस्था हुनुपर्नेमा जोड दिएका छन् ।

कृषकले काम गरेपनि मुल्य निर्धारण विचौलियाले गर्ने गरेका कारण किसान मारमा परेका किसानको गुनासो छ ।

'म विगत ७ बर्ष देखि कुखुरा पालन व्यवसाय गर्दै आएको छु,' पुरस्कृत भएका घोडाघोडीका किसान पहलमान देउवाले भने, 'तर मैले आफ्नो उत्पादनको मुल्य निर्धारण गर्दा न्यून मुल्यमा बेच्नुपरिरहेको छ, उपभोक्ताले महंगोमा किन्नु परेको छ, यो सवै विचौलियका कारण भएको हो, यदि कृषक र उपभोक्ता विच प्रत्यक्ष सम्बन्ध हुन सकेको अवस्थामा सवैलाई फाइदा हुन्छ, यस विषयमा सरकारले सोच्नु पर्दछ ।'

उनले सरकारको नीति र बैंकको झण्झटका कारण व्यवसायी समस्यामा पर्नेगरेका बताए । 'पछिल्लो समय बैंकले ऋण दिन छोडेको छ,' उनले भने, 'लगेको ऋण छिटो तिर भन्दै दैनिक फोन गरेर सताउने गरेको छ, यसले काम गर्ने किसानको मनोबल कम्जोर भइरहेको छ ।' बैंकको नराम्रो व्यवहारका कारण कृषक पलायन हुने अवस्थामा रहेका उनले बताए ।

उनले कृषकलाई विमाको व्यवस्था गरेपनि विमा समितिले कृषकलाई विभिन्न बाहना बनाएर विमाको रमक नदिने गरेको बताए । 'करोडौंको लगानी गरेर कसैले पनि उत्पादन नष्ट गर्न चाहदैन,' उनले भने, 'भवितव्य रुपमा हुने घटनाका लागि विमा गरिएको हुन्छ, तर किसानले विमा दावि गर्दा बीमा समितिले विभिन्न बाहाना बनाएर कृषकलाई विमाको रकम दिन मान्दैनन्, यसले पनि किसानको मनोबल कम्जोर बनाउने काम भएको छ ।'

कृषक रामकृषन चौधरीले कृषिमा गरेको कडा मेहनतको फल पुरुस्कार पाउँदा पाए जस्तो भएको बताए । उनले आगामी दिनमा पनि सरकारबाट थप सहयोगको अपेक्षा गरिएको बताए । उनले कृषि क्षेत्रमा आगामी दिनमा थप लगानी गर्ने र उत्पादन बढाउने योजना रहेको बताए ।

## धनगढीमा आजदेखि विश्व नेपाली नारी साहित्य सम्मेलन हुने

### प्रधानमन्त्री प्रचण्डले उद्घाटन गर्ने



**पोष्ट संवाददाता**

धनगढी । धनगढीमा आज देखि विश्व नेपाली नारी साहित्य सम्मेलन हुने भएको छ ।

सम्मेलनको सम्पुर्ण तयारी पुरा भइसकेको आयोजक साहित्य समाजले जनाएको छ । आयोजक सुदूरपश्चिमाञ्चल साहित्य समाजले बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै नारी साहित्य सम्मेलनको तयारी पूरा भएको जानाएको हो ।

साहित्य समाजका अध्यक्ष तीर्थराज पाण्डेयले विश्व नेपाली नारी साहित्य सम्मेलनको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन् गर्ने जानकारी दिए । उनले सम्मेलनमा भारतका विभिन्न राज्य, अमेरिका, भूटान, म्यानमार लगायतका देशबाट गरी दुई सय बढी नारी साहित्य स्रष्टाहरूको सहभागीता रहने जानकारी दिए ।

उनका अनुसार सम्मेलनमा समारोहमा साहित्यिक प्रतिभा झमक घिमिरेलाई एक लाख ११ हजार रुपैयाँ राशीको बद्रि-कृष्णा बाङ्गमय पुरस्कार प्रदान गरिने छ । सम्मेलनमा विलक्षण प्रतिभाशाली बालिका प्रिन्सा रेग्मी, स्थापित समाजसेवी अनुराधा कोइराला, मधेसका मुर्धन्य साहित्यकार राजेन्द्र विमल, गजलकार तिलक पेला, अन्तर्राष्ट्रिय साहित्य समाजका अध्यक्ष पदम विश्वकर्मा अमेरिका पनि सहभागी हुनेछन् ।

सम्मेलन आयोजनाका लागि मुल आयोजक समितिका साथै डेढ दर्जन बढी उपसमितिहरू गठन भएका छन् । सम्मेलनमा सञ्चालन गरिने अन्तरसंवाद सत्रहरूको टुङ्गो लागिएको छ । यस्तै कार्यक्रम मूल आयोजक समितिका संयोजक बरिष्ठ लोक गायक यज्ञराज उपाध्ययले धनगढीलाई बौद्धिक बहसको नगरिका (बाँकी ३ पेजमा)

# जग्गा चक्लाबन्दी: गण्डकी प्रदेशको अनुभव

डा. हरिबहादुर केसी, गंगालाल पोखरेल र सागर घिमिरे

नेपालमा जनसंख्या वृद्धि र एकल परिवारको बढ्रुदो प्रचलनले गर्दा कृषि योग्य जमिन विखण्डित भएर व्यावसायिक खेती गर्नको लागि कठिन हुने र खेतीयोग्य जमिन समेत घट्दै जाने क्रम रहेको छ। भूमिको बढ्रुदो खण्डीकरण एवं जग्गा बाँझो राख्ने प्रवृत्तिले गर्दा उत्पादनमा समेत ह्रास आइराखेको छ।

कृषि यान्त्रिकीकरण गर्न कठिन भई उत्पादन लागत बढी हुने र उत्पादन न्यून भएकाले कृषि पेशामा संलग्न जनशक्ति विस्तारै पलायन हुँदै गएका छन्। सो सन्दर्भमा कृषि पेशालाई व्यवसायको रूपमा विकास गरी क्रमशः उद्योगको रूपमा स्थापित गर्न कृषियोग्य जग्गाको विकास (चक्लाबन्दी) गर्नु अत्यावश्यक रहेको छ। कृषियोग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई एकीकृत गर्ने कार्यलाई चक्लाबन्दी भनिन्छ। खेतीयोग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने र जग्गा बाँझो राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नको लागि चक्लाबन्दी गर्नु आवश्यक छ। आधुनिक प्रविधि तथा आवश्यक पूर्वाधारको विकास गरी कृषि उत्पादन लागत कम गर्दै प्रति एकाइ क्षेत्रफलबाट हुने आयमा वृद्धि गर्नको लागि चक्लाबन्दी गर्नु महत्वपूर्ण छ।

नेपालको संविधान, २०७२ ले अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व बढाउने नीति लिएको छ। त्यसैगरी भू-उपयोग सम्बन्धी ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले कृषि भूमिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्नको लागि जग्गा एकीकरण गरी चक्लाबन्दी कार्यक्रम गर्न गराउन सक्ने व्यवस्था गरेको छ।

भू-उपयोग नियमावली, २०७९ ले प्रदेश सरकारले जग्गा एकीकरण, चक्लाबन्दी, बस्ती विकास, सामूहिक खेती तथा सहकारी खेती सम्बन्धी आधार, मापदण्ड र कार्यान्वयन योजना तयार गरी कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय तहले कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनको लागि सम्बन्धित जग्गाधनीहरूको सहमतिमा साँध-सिमाना जोडिएका कित्ता जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ ले पनि कृषि भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गर्ने नीति लिएको देखिन्छ। गण्डकी प्रदेशको प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ ले समेत कृषियोग्य जग्गाको उत्पादन र उत्पादकत्व बढाउनको लागि चक्लाबन्दी गर्न सक्ने र उक्त जग्गा कृषिसँग सम्बन्धित कार्य बाहेक अन्य कार्यमा प्रयोग गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था गरेको छ।

जग्गा चक्लाबन्दी कार्यक्रमको प्रमुख उद्देश्य जग्गा खण्डीकरण न्यूनीकरण गर्नु हो भने यसबाट जग्गाको आकारमा बढोत्तरी गरी कृषि उपजको उत्पादनमा वृद्धि गर्न सकिन्छ। चक्लाबन्दीले यान्त्रीकरणमा जोड दिई लागत प्रभावकारिता बढाउन र खेतीयोग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई कृषि भूमिको जगेर्ना गर्नुको साथै जग्गा बाँझो राख्ने र खण्डीकरण गर्ने प्रवृत्तिलाई निरुत्साहन पनि गर्दछ।

खेती प्रणालीलाई रुपान्तरण र विस्तार गरी रोजगारीका अवसर सृजना गर्न र निर्वाहमुखी कृषि प्रणालीलाई निरुत्साहित गर्दै व्यावसायिक कृषितर्फ उन्मुख गराई आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउनु पनि जग्गा चक्लाबन्दीको उद्देश्य हुन्।

**अपेक्षित प्रतिफल**

चक्लाबन्दीबाट सम्बन्धित स्थानका सबै प्लटहरूमा सिंचाइको सुविधा र कृषि सडकको पहुँच हुने अपेक्षा गरिएको छ र जसबाट उत्पादनका विविध कार्यहरूमा सहजता हुनेछ। हरेक प्लटसम्म सडकको पहुँचले यान्त्रिकीकरण प्रवर्द्धन हुने तथा उत्पादन सामग्रीको पहुँच र उत्पादनको सहज व्यवस्थापनमा सहयोग पुगेको हुनेछ। कृषि श्रम शक्तिको पलायन बढिरहेको सन्दर्भमा यान्त्रिकीकरण प्रवर्धनबाट खेती प्रणालीमा कम श्रम शक्तिबाट समेत उत्पादन कायम गर्न सकिने तथा उत्पादन लागत घटाई कृषि व्यवसायलाई नाफामूलक बनाउन सहयोग पुग्नेछ।

यसबाहेक उत्पादन तथा उत्पादकत्वमा वृद्धि, कृषकको क्षमता अभिवृद्धि हुने तथा सामूहिक खेती, सामूहिक बजारीकरणमा प्रोत्साहन हुने देखिएको छ जसले गर्दा उत्पादनको आकार बढ्न गई सहज बजार पहुँच र दिगो कृषि प्रणाली कायम गर्न समेत टेवा पुग्न सक्ने देखिएको छ। चक्लाबन्दी भएको जग्गामा दुईदेखि तीन खेतीसम्म हुने हुनाले उत्पादन विविधीकरण र जग्गाको समुचित उपयोग हुने अपेक्षा गरिएको छ।

चक्लाबन्दी गरिएको जग्गा बाँझो राख्न नपाइने र कृषि बाहेकका अन्य कार्यमा समेत प्रयोग गर्ने नपाइने प्रावधानले गर्दा कृषियोग्य भूमिको संरक्षण र सम्वर्धनमा समेत टेवा पुग्न सक्ने देखिन्छ। जग्गाको स्वामित्व प्रणालीका कारण जग्गा खण्डीकरण भई कृषि क्षेत्रलाई प्रत्यक्ष असर गरेको सन्दर्भमा स्वामित्वमा परिवर्तन नगरी जग्गाहरू एकीकरण गरी सामूहिक खेती प्रणाली प्रवर्धन गर्न चक्लाबन्दी कार्यक्रम सफल हुने अपेक्षा गरिएको छ।

**चक्लाबन्दी प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया**

जग्गा चक्लाबन्दीको महत्व र आवश्यकता बुझेर नै गण्डकी प्रदेश सरकारले आ.व. २०७५/७६ देखि नै चक्लाबन्दी प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गरी तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत चक्लाबन्दी प्रवर्धन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सुरुवात गरेको थियो।

विगतदेखि नै सञ्चालनमा रहेको चक्लाबन्दी कार्यक्रम हाल 'बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७' र 'जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७' बमोजिम सञ्चालनमा रहेको छ।

सुरुवाती वर्षमा दुई वा सोभन्दा बढी व्यक्तिहरू संलग्न भई कार्यक्रममा सहभागी हुनसक्ने प्रावधान रहेको भएतापनि हाल समूह वा सहकारी संस्था मार्फत सामूहिक रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रावधान रहेको छ।

प्रदेश सरकार अन्तर्गत एकै मन्त्रालयले भूमि व्यवस्था क्षेत्र र कृषि क्षेत्र हेर्ने भएकोले एकीकृत रूपमा कार्य सञ्चालन गर्ने र चक्लाबन्दी गरी सो स्थानमा व्यावसायिक कृषिलाई प्रवर्धन गर्न सहज भएको समेत महसुस गरिएको थियो।

गण्डकी प्रदेशको भूमि व्यवस्था क्षेत्र हेर्ने मन्त्रालयले सञ्चालन गर्ने चक्लाबन्दी कार्यक्रममा सहभागी हुनको लागि हिमाली, पहाडी र तराई क्षेत्रमा न्यूनतम क्षेत्रफल क्रमशः ३० रोपनी, ५० रोपनी र १० बिघा हुनुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी जग्गाको अवस्थिति १० डिग्री वा सोभन्दा कम भिरालो हुनुपर्ने व्यवस्था रहेको छ।

चक्लाबन्दी गर्दा प्रत्येक ब्लकमा सिंचाइ, निकास र बाटोको व्यवस्था मिलाउने तथा जमिनको माथिल्लो तहको ३० सेन्टिमिटर उर्वरायुक्त माटो संरक्षण गरी चक्लाबन्दी कार्य समाप्त भएका प्लटहरूको माथिल्लो तहमा भर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी चक्लाबन्दी भएको जग्गामा तराई र पहाडमा वर्षमा कम्तीमा दुई बाली र हिमाली क्षेत्रमा कम्तीमा एक बाली खेती गर्नुपर्ने व्यवस्था गरिएको छ।

गण्डकी प्रदेश सरकारले वार्षिक कार्यक्रमबाट बजेट व्यवस्थापन गरी यस कार्यलाई निरन्तरता दिइरहेको छ। आवेदन संकलन पश्चात् मन्त्रालयको प्राविधिक समितिबाट कार्यविधिले दिएको मूल्यांकनका आधारमा स्थलगत अध्ययन गरी उपयुक्तताका आधारमा छनोटका लागि सिफारिस गर्दछ र सोका आधारमा छनोट भई कार्यान्वयनको चरण शुरु हुन्छ। छनोट भएका समूह वा सहकारीले विस्तृत प्राविधिक सर्भेक्षण गरी आधार नक्शा र खर्चको अनुमान तयार गरी पेश गरेपछि सम्झौता गरी कार्यादेश दिने प्रावधान छ।

अनुदानको सीमा पहाडी जिल्लामा न्यूनतम ५० रोपनी जग्गाका लागि बढीमा १२ लाख रुपैयाँसम्म र थप क्षेत्रफलमा प्रतिरोपनी २४ हजार रुपैयाँसम्म, तराईका जिल्लामा न्यूनतम १० बिघा क्षेत्रफलका जग्गाका लागि बढीमा १२ लाख रुपैयाँसम्म र थप क्षेत्रफलमा प्रति बिघा १ लाख ३० हजार रुपैयाँसम्म र हिमाली जिल्लामा न्यूनतम ३० रोपनी क्षेत्रफ सम्मका जग्गाका लागि बढीमा ८ लाख रुपैयाँसम्म र थप क्षेत्रफलमा प्रतिरोपनी ३३ हजार रुपैयाँसम्म कायम गरिएको छ। कार्य सम्पन्न गर्दा लागेको कुल खर्चका रुआधारमा माथि उल्लिखित सीमाभित्र रही ९० प्रतिशतसम्म अनुदानको व्यवस्था रहेको छ।

**चक्लाबन्दीका विभिन्न चरण**

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट कार्यान्वयन भएको चक्लाबन्दी कार्यक्रमबाट हालसम्म २७ वटा संस्थामार्फत कुल ४ हजार ९३५ रोपनी क्षेत्रफलमा चक्लाबन्दी गरिएको छ।

कार्यक्रमबाट ८ जिल्लाका कुल १ हजार ४४ जना जग्गाधनीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। चक्लाबन्दी गरिएको स्थानमा पुनः अनुदान कार्यक्रम मार्फत जग्गाको सुधार र मर्मतसम्भारको लागि समेत सहयोग गरिएको छ।

**उपलब्ध सेवा सुविधा**

चक्लाबन्दी गरिएको स्थानहरूमा जग्गा सुधारको लागि प्लट मर्मत सुधार, कुलो निर्माण सुधार, मल तथा बीउ खरिदको लागि प्रति रोपनी पाँच हजारका दरले थप दुई वर्षसम्म पुनः अनुदान गराउन सकिने व्यवस्था रहेको छ। साथै, चक्लाबन्दी गरिएको स्थानमा यान्त्रिकीकरण प्रवर्धन गर्नको लागि आर्थिक वर्ष २०७८/७९ सम्ममा मन्त्रालयबाट ६० देखि ७५ एच.पी. क्षमताका ८ वटा ट्र्याक्टर तथा अन्य एट्याचमेन्ट खरिद गर्नको लागि मन्त्रालयले विभिन्न आठ वटा संस्थाहरूलाई ७५ प्रतिशत अनुदान सहयोग उपलब्ध गराएको छ।

त्यसैगरी चक्लाबन्दी गरिएको जग्गामा कृषि ज्ञान केन्द्रहरू मार्फत माटो परीक्षण, प्रांगारिक मलको प्रयोगमा सहयोग, खाद्यान्न बीउ उत्पादन तथा बाली उत्पादन प्रदर्शन लगायत कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिएको छ।

**हालसम्मको अनुभव र कृषकको अनुभूति**

चक्लाबन्दी भएका स्थानहरूमध्ये केही स्थानमा सामूहिक रूपमा खेती गर्ने र जग्गाको स्वामित्वको अनुपातमा कृषि उपज बाँडफाँड गर्ने गरेको पाइएको छ भने अधिकांश स्थानमा कृषक परिवारले अलग-अलग रूपमा खेती गर्ने गरेको पाइएको छ। चक्लाबन्दी भएको सुरुका वर्षहरूमा जग्गाको माटोमा बिरुवाको लागि आवश्यक खाद्यतत्वको अभाव देखिएको र उत्पादकत्व घटेको देखिए पनि दोस्रो वर्षबाट उचित मलखाद व्यवस्थापन गर्दा उत्पादकत्व बढेको र उत्पादन लागत समेत धेरै मात्रामा घटेको पाइएको छ।

> *सिंगो सरकारप्रति वा खास मन्त्रीप्रति सदनको विश्वास नभएको भन्दै अविश्वासको प्रस्ताव वा विश्वास आर्जन गर्ने उद्देश्यले राखिएका विश्वासको मतका पनि भिन्न-भिन्न वैश्विक अभ्यासहरू देखिन्छ। कतिपय मुलुकमा राजनीतिक निर्णयका रूपमा सरकारलाई हैरान पार्न, सरकारको ध्यानाकर्षण गर्न र निरन्तर कमजोर बनाउन यस खालको हतियार प्रयोग गर्ने गरेको पनि पाइन्छ। सिंगो सरकारका विरुद्धको प्रश्न भए विश्वासको मत लिने र कुनै खास मन्त्रीका विरुद्ध भए मन्त्रीले राजीनामा दिएर भए पनि विपक्षीको चित्त बुझाउने प्रचलन छ। तर पारित नहुने अवस्थामा पनि हैरान पार्न मात्रै यस्ता अभ्यास हुने गर्छन्।*

ठूला गराहरूमा सिंचाइ गर्दा पटक-पटक पानी लगाउनु नपर्ने र पानीको उपयोग राम्रोसँग भई उत्पादन बढ्न गएको कृषकहरूको अनुभव छ। खण्डीकृत जमिनको स्वामित्वका कारण कृषक समूह तथा सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्दा धेरै घरपरिवार एकजुट भई समान उद्देश्यका साथ लाग्नुपर्ने हुँदा सो कार्यमा जटिलता हुने गरेको संस्थाका पदाधिकारी तथा मुख्य सञ्चालकहरूको रहेको छ। तर, कार्यक्रम सञ्चालन भइसकेपछि जग्गामा यन्त्र उपकरणमार्फत कार्यहरू सञ्चालन गर्न तथा सिंचाइ लगायतका क्रियाकलापमा सहजता भएको बताएका छन्।

कृषि उत्पादनको सामूहिक व्यवस्थापन तथा बजारीकरणमा समेत चक्लाबन्दी कार्यक्रमले सहयोग पुगेको देखिएको छ। चक्लाबन्दी कार्यक्रमले मुख्यतः जग्गा बाँझो राख्न निरुत्साहित गरेको, कृषि जमिन अन्य कार्यमा प्रयोग हुनबाट बचाएको तथा कृषि कार्यलाई यान्त्रिकीकरण मार्फत सहजीकरण गरी उत्पादन लागत न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको अनुभूति कृषकहरूबाट प्राप्त भएको छ।

**चुनौती**

कृषि भूमिको चक्लाबन्दी गर्नु नेपालको सन्दर्भमा एक चुनौतीपूर्ण कार्य हो। अझै पहाडी क्षेत्रमा त झनै चुनौतीपूर्ण कार्य हो। न्यून र खण्डीकृत भूस्वामित्व तथा भूस्वामित्व हस्तान्तरणको परम्परागत प्रवृत्तिले चक्लाबन्दी कार्यलाई दिनानुदिन जटिल बनाउँदै लगेको छ।

गुणस्तरीय उत्पादन सामग्रीको अभावको कारण जमिनको उत्पादकत्व तुलनात्मक रूपमा न्यून रहेको तथा कृषि श्रमिकको बढ्दो पलायनले गर्दा कृषि कार्य नै जटिल अवस्थामा रहेको सन्दर्भमा खेतीयोग्य जमिनलाई एकीकृत गरी कृषि कार्यमा प्रोत्साहन गर्नु आफैंमा चुनौतीपूर्ण रहेको छ।

त्यसैगरी थोरै क्षेत्रफल मात्र भएका साना कृषकहरूको समेत अपनत्व हुने गरी कार्यक्रममा समावेश गरिराख्नको लागि १० वर्ष पश्चात् जग्गाधनीलाई जग्गा फिर्ता गर्ने उपयुक्त विधिको पहिचान गर्नु र सो कार्यमा सम्पूर्ण कृषकहरूलाई समेत सहमत गराउने कार्य चुनौतीपूर्ण रहेको छ। सो कार्यको लागि लाभग्राही समुदायले भूमि व्यवस्था क्षेत्र हेर्ने मन्त्रालयको सहकार्यमा ठोस विधि तय गर्नु आवश्यक रहेको छ।

त्यसैगरी विविधतायुक्त खेती प्रणाली रहेको स्थानहरूमा एकै प्रकृतिको खेती प्रणाली स्थापित गर्नु समेत चुनौतीपूर्ण कार्य हो। बढ्दो शहरीकरण तथा बसाइँसराइका कारण सामाजिक परिवेशमा परिवर्तन आएको छ। यो सन्दर्भमा लाभग्राही संस्थामा आवद्ध सम्पूर्ण सदस्य घरपरिवारलाई निरन्तर रूपमा कृषि कार्यमा आकर्षित गरी चक्लाबन्दी भएको जग्गाको समुचित उपयोग हुने व्यवस्था मिलाउनु समेत चुनौतीपूर्ण रहेको छ।

जमिनको मूल्य बढ्दै गएको सन्दर्भमा कृषकहरूले चक्लाबन्दी कार्यप्रति नै वितृष्णा प्रकट गर्न सक्ने र कित्ताकाट, मिलान तथा बाँडफाँडमा असहजता आउन सक्ने भएकोले कृषकहरूलाई निरन्तर पृष्ठपोषण गरी सकारात्मक रूपमा सूचित गर्नु समेत आवश्यक रहेको छ।

# सहिदहरुको लामो सूचीले उठाएका ठूला प्रश्न

जीवन क्षेत्री

यही फागुन २९ गतेको नेपाल राजपत्रमा सहिदहरूको अद्यावधिक सूची प्रकाशित भयो। देशका सबै जिल्लाका गरी १२ हजारभन्दा बढी व्यक्तिहरू औपचारिक रूपमा सहिदका रूपमा दर्ज भए। लगत्तै त्यो सूची प्रकाशित गर्ने सरकारी निर्णयबारे क्लबहाउसमा केही निकै पेचिला बहस भए। सुरूमा म त्यहाँ उठेका प्रश्न र विभिन्न पक्षले अघि सारिएका तर्कहरूको संक्षेप राख्छु। सरकारी निर्णयको पक्षमा वकालत गर्ने साथीहरूले यस्ता तर्क गरे–

कुनै बेला हामीले नेपालमा चार सहिद छन् भनेर पढ्थ्यौं। त्यसैले हामी धेरैका लागि सहिदको मानक उनीहरू नै बनेका छन्। तर उति बेलै पनि देशमा राजनीतिक परिवर्तनका लागि ज्यान दिने उनीहरू मात्रै थिएनन्। त्यो अवस्थामा उनीहरू बाहेकका सहिदहरूलाई राज्यले नचिन्नु के जायज थियो?

उति बेला भएको विभेद वा अन्यायलाई सच्याउँदै पछिल्लो समयका सरकारहरूले इतिहासमा धेरै मानिसको योगदानको कदर गर्दै सहिदको संख्या थप्दै गए भने त्यसमा आपत्ति जनाउनुपर्ने कुरा नै के छ?

माओवादीको 'जनयुद्ध' कुनै आपराधिक कर्म नभई व्यवस्था परिवर्तनका लागि गरिएको संघर्ष थियो। त्यसका उपलब्धिहरूबाट हामीले अहिले लाभ लिइरहेका छौं। त्यस्तो परिवर्तनका लागि लड्दा मारिएका व्यक्तिहरूलाई सहिद घोषणा गर्दा कसैलाई किन आपत्ति हुनुपऱ्यो?

जवाफमा अरू साथीहरूले प्रतिवाद गरे–

एक जनाले व्यवस्था परिवर्तनका लागि बन्दुकका सामु खाली हात छाती तेर्स्यायो र मारियो वा झुन्ड्याइयो। अर्को व्यक्ति राज्यका तर्फबाट जीविकाका लागि जागिर खाँदा वा विद्रोही पक्षबाट सशस्त्र आन्दोलन गर्दा भीडन्तमा मारियो।

परिवर्तनमा दुवैको योगदान छ भन्न सकियो। राज्यले त्यसलाई स्वीकार्न, क्षतिपूर्ति दिन पनि सक्यो। तर के इतिहासमा दुवैको हैसियत समान हुन सक्छ? अनि सहिद शब्दले जे भाव बोक्छ, त्यसका लागि के दुवै किसिमका मानिस बराबर हकदार हुन्?

अनि अझै जोडले यो कुरा पनि उठ्यो–

युद्ध टुंग्याउने बेलामा बृहत् शान्ति सम्झौता भयो। त्यसमा बेपत्ताको खोजीदेखि पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्न तथा न्याय दिन र युद्धको नाम लिएर भएका जघन्य अपराध वा युद्ध अपराधका दोषीहरूलाई दण्डित गर्न संक्रमणकालीन न्याय प्रणाली सुरू गर्ने भनियो। तर व्यवहारमा त्यसपछि सत्तामा पुग्ने कुनै पार्टी पनि त्यसमा इमानदार बनेनन्। त्यसमा मुख्य भूमिका खेल्नुपर्ने माओवादी त झन् त्यस दिशामा सबैभन्दा बढी चुक्यो।

परिणाम–

सशस्त्र द्वन्द्वका बेला बेपत्ता हुने हजारौंका आफन्तले अझै बाटो हेर्दैछन्। तीमध्ये जो मारिएका हुन्, त्यो मृत्युको पुष्टि गर्न सक्ने दुवैतिरका मानिसहरू समेत चुप छन्। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिनसम्बन्धी आयोगलाई सबै पार्टीहरूले कार्यकर्ता भर्ती केन्द्र बनाएर दण्डहीनताका माध्यम बनाएका छन्। ती आयोगमा पुग्नेले अहिलेसम्म पीडितका घाउमा नुनचुक मात्रै छर्केका छन्।

यस्तो गन्जागोल अवस्थामा सहिदको सूची मात्रै थप्नु तर न्यायको बाटो अवरूद्ध गरिरहनुको के तुक हुन सक्छ?

यो बहससँगै अर्को पेचिलो प्रश्न पनि उठ्यो–

के माओवादीले छेडेको सशस्त्र युद्ध व्यवस्था परिवर्तनका लागि भएको राजनीतिक युद्ध नै थियो?

कि त्यो सीमित नेताहरूले सत्ताप्राप्ति, शक्ति र धन सञ्चयका लागि अँगालेको चोर बाटो थियो?

सहिद घोषणाको बचाउमा रहेका साथीहरूले तर्क गरे–

पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत माओवादीका नेताहरू २०६३ पछिका वर्षहरूमा गलत ठाउँमा पुगेका हुन सक्लान्। तिनले क्रान्तिको वाचा गरेर युद्धमा होमेका युवाहरूलाई धोका दिएका पनि हुन् र कति हिसाबले त उनीहरूले आफ्नो घोषित लक्ष्यप्रति गद्दारी नै गरेको भन्न सकिएला। तर त्यसो भन्दैमा दसवर्षे 'जनयुद्ध' लाई खारेज गर्न वा त्यो सिंगो युद्ध केही मानिसको सम्पत्ति आर्जनका लागि भएको थियो भन्न, त्यसले हासिल गरेका उपलब्धिहरूलाई अवमूल्यन गर्न मिल्दैन।

आफ्नो घोषित लक्ष्यमा माओवादी नेताहरू २०६३ सालसम्म अडिग नै थिए, त्यसपछि मात्रै बाटो बिराएका हुन् भन्ने कुरामा मेरो सधैं संशय छ। त्यस दिनको बहसमा पनि मैले त्यस्तो संशय जनाएँ। त्यसको विस्तारित रूप यहाँ राख्दैछु।

२०५२ साल माघ २२ गते चालीस बुँदे माघ अघि सारेर सशस्त्र युद्धको अल्टिमेटम दिने बेला प्रचण्ड र बाबुराम भट्टराईहरूको मनमा के थियो भनेर परीक्षण गर्ने कुनै वस्तुगत उपाय अहिले हामीसित छैन। त्यहाँनेर दुई सम्भावना भने थिए–

एक, देशमा कायम 'बुर्जुवा पुँजीवादी व्यवस्था' ले आम मानिसको प्रगति भएन, असमानता, विभेद र अन्याय ज्युँकात्युँ रह्यो। त्यसैले यो व्यवस्था फालेर साम्यवाद ल्याउन सशस्त्र क्रान्ति गर्नुपऱ्यो।

पछि गएर तत्काल साम्यवाद सम्भव नहुने देखिएपछि जननिर्वाचित संविधान सभाले संविधान बनाउने र गणतन्त्र ल्याउने शर्तमा युद्धलाई विश्राम दिनुपर्ने र संसदीय राजनीतिमा भाग लिनुपर्ने अवस्था आयो।

दुई, २०४८ को पहिलो आम चुनावले नै के पुष्टि गऱ्यो भने टुटफुट भइरहने कम्युनिस्ट घटकहरूमध्ये एक बनेर बहुदलीय व्यवस्थामा समेटिँदा चुनाव जित्न मुस्किल थियो। त्यसैले नयाँ व्यवस्थामा आफू सत्तामा जाने कुरा अनिश्चित बन्न पुग्यो। जीवनभर राजनीति गरे पनि चाहे झैं शक्ति र धन आर्जन गर्ने ग्यारेन्टी भएन। त्यसैले सशस्त्र युद्धको चोर बाटो समात्नु पर्ने भयो।

त्यसैले माओवादी नेतृत्वले विश्लेषण गऱ्यो–

जनता यसै पनि बहुदलीय व्यवस्थाले आफ्ना सबै अपेक्षाहरू पूरा नगरेका कारण असन्तुष्ट छन्। तिनलाई बहकाएर व्यवस्थामा अस्थिरता ल्याउन सके, कायम संवैधानिक व्यवस्था भताभुंग पार्न सके सत्ता छिटो हासिल हुन सक्छ। सत्ताको बलमा कमाउन पाइन्छ। त्यसलाई अवैध रूपमा बाहिर पठाउने र चोर बाटोबाट भित्र्याएर लगानी गर्न सक्ने हो भने आफ्नो दशौं पुस्ताको व्यवस्था हुन सक्छ।

माओवादी नेताहरू भन्छन् पहिलो कुरा साँचो हो।

त्यो बहसमा पनि केही साथीहरूले तर्क गरे पहिलो कुरा नै साँचो हो। र जिकिर गरिरहे–

नेताहरूको मति बिग्रेको २०६३ पछि सत्तामा पुगेपछि नै हो।

तर माओवादी नेताहरूको व्यवहारले देखाउँछ–

यथार्थ ठ्याम्मै श्यामश्वेत नहुन सक्ला तर दोस्रो विकल्पको धेरै नजिक छ।

मलाई त्यो निष्कर्षमा पुऱ्याउने केही कुराहरू छन्।

पहिलो, २०५८ सालमा दरबार हत्याकाण्ड भएपछि माओवादीहरू उग्र गणतन्त्रवादी बने। देश गणतन्त्रमा गइसकेको घोषणा पनि गरे। तर राजा वीरेन्द्र जीवितै छँदा उनीसित मिलेर संसदीय व्यवस्था धरापमा पार्ने र आफू सत्तामा जाने छोटो बाटो खोज्ने उनीहरूको प्रयास कसैबाट लुकेको छैन।

जबकि ४० बुँदे मागका बुँदाहरूमध्ये १० औं बुँदामा 'चुनिएका जनताका प्रतिनिधिहरूद्वारा जनगणतन्त्रात्मक व्यवस्थासहितको नयाँ संविधान बनाउनुपर्ने' र ११ औं बुँदामा 'राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त गरिनुपर्ने' भनिएको थियो।

भलै दरबारसित मिल्ने प्रयासलाई उनीहरूले राष्ट्रियता र देशको अस्तित्वसित जोड्थे। तर त्यो प्रयासको केन्द्रमा जेजस्तो मार्गबाट भए पनि छिटो सत्तामा पुग्ने लालसाबाहेक अरू केही थिएन। होइन भने राजासित लेनदेन गरेर 'जनगणतन्त्र' कसरी स्थापना हुन सक्थ्यो?

दोस्रो, उनीहरूले तत्कालीन शेरबहादुर देउवा सरकारलाई बुझाएको चालीस बुँदे मागमध्ये पहिला पाँच मागहरू (१९५० को सन्धि खारेजी, टनकपुर र महाकाली सम्झौता खारेजी, खुला सिमाना नियन्त्रण र भारतीय नम्बर प्लेटका गाडी चल्न रोक लगाउनुपर्ने, गोर्खा भर्ती रद्द गर्नुपर्ने र नेपालमा आएर काम गर्ने भारतीय लगायत विदेशीलाई वर्क पर्मिट लागू गर्नुपर्ने) प्रत्यक्ष वा परोक्ष रूपमा भारतविरोधी थिए। ती मागमा उनीहरू इमानदार हुन्थे भने नेताहरू सबै नेपालमै बसेर युद्ध सञ्चालन गर्थे। भारतमा बसेर, त्यहाँको गुप्तचर संरचनासँग एक स्तरको समन्वयसहित उनीहरूको रक्षाकवचभित्र बसेर नेपालमा युद्ध सञ्चालन गर्ने कुरा कल्पना गर्न पनि कठिन हुन्थ्यो। तर भयो त्यस्तै। कतिसम्म भने सशस्त्र युद्धको अवतरणका लागि भएको १२ बुँदे सम्झौतासमेत दिल्लीमै भयो।

तेस्रो, अब एकपल्ट चालीस बुँदे मागको बीचको हिस्सा एकपल्ट हेरौं।

## कैलालीका उत्कृष्ट...

जोड दिएका छन्। पुरस्कार राशी र कृगको संख्या पनि बढाउनु जरूरी छ।

जिल्ला समन्वय समिति कैलालीका समन्वय अधिकारी धर्मराज विनाडीले कृषि व्यवसायमा लागेका युवालाई हौसला दिंदा त्यसको परिणाम राम्रो आउन सक्ने बताए। उनले किसानको पहिचान गर्दा वास्तविक किसान छनौट गरिनुपर्नेमा जोड दिएका छन्। किसानलाई पुरस्किृत गर्दा उनिहरुमा हौसला थपिने र आगामी दिनमा थप मेहनत गर्ने हौसला मिल्ने उनले बताए।

कृषि विकास निर्देशनालय डोटीका निमित्त प्रमुख यज्ञराज जोशीले सुदूरपश्चिमका ८४ प्रतिशत नागरिक कृषि पेशामा आबद्ध भएपनि बर्षेनी खाद्य सामग्री आयात हुनु दुःद कुरा भएको बताए।

उनले वास्तविक किसानको पहिचान गरी उनिहरुश्रलाई व्यवसायमा लाग्न थप हौसला प्रदान गर्ने उद्देश्यका साथ गत बर्ष देखि प्रदेशका ९ वटै जिल्लाबाट तीन-तीन जनागरी २७ जनालाई जिल्ला स्तरबाट र ती मध्य ५ जनालाई प्रदेश स्तरबाट पुरस्कृत गर्ने गरिएको बताए। त्यसका लागि उत्कृष्ट कृषक छनौटको मापदण्ड तयार गरिएको र कृषक छनौट गर्दा तोकेको मापदण्ड पुरा गरे नगरेको बारेमा स्थलगत अवलोकन समेत गरिने गरिएको बताए।

उनले मानिसको जिउने आधारनै कृषि व्यवसाय भएको बताउँदै सवैले कृषि पेशालाई माया गर्नुपर्ने बताए। 'हामीले कृषि पेशालाई माया गर्न छोडेका छौं,' निर्देशक जोशीले भने, 'जसका कारण आज सुदूरपश्चिमका ८४ प्रतिशत मानिस कृषि पेशामा निर्भर हुँदाहुँदैपनि बर्षेनी डेढ अरब बराबरको खाद्यान्न हामीले आयात गरिरहेका छौं, मेहनत गर्नेहो भने, केही समयमै आयात घटाउन सकिन्छ।'

निर्देशक जोशीले आगामी दिनमा पुरस्कृत हुने किसानको संख्या बढाउने बरेमा पनि छलफल भइरहेको बताए। 'हुनत किसानलाई पुरस्कार राशी बढाउँदा पनि उनिहरुका समस्या पुर्ति हुन सक्दैन्,' जोशीले भने, 'तर काम गर्ने व्यक्तिलाई पुरस्कार दिंदा उनिहरुको कामको सम्मान हुन्छ र आत्म सम्मान हुन्छ भन्नेहो, त्यसै उद्देश्यका साथ हामीले पुरस्कारको व्यवस्था पनि गरेका हौं।'

कृषि ज्ञान केन्द्र कैलालीका प्रमुख खगेन्द्र शर्माका अनुसार किसानको मनोबल उकास्नका लागि गत बर्ष देखि कृषक नेताकारुपमा आफ्नो परिचय बनाएका नेता भीमदत्त उत्कृष्ठ कृषक पुरस्कारबाट हरेक जिल्लाका तीन-तीन जना कृषकलाईपुरस्कार सहित सम्मानित गर्नि गरिएको बताए।

त्यसैगरी जिल्लाबाटै छानिएका मध्य ५ जना कृषकलाई प्रदेशस्तरबाट पनि सम्मान गर्ने गरिएको उनले बताए। उनका अनुसार जिल्ला स्तरमा छनौट हुने हरेक किसानलाई २५-२५ हजार पुरस्कार प्रदान गर्ने गरिएको छ, भने प्रदेश स्तरमा छनौट भएका ५ जना मध्य एक जनालाई एक लाख ५० हजार र चार जनालाई ७५-७५ हजारका दरले पुरस्किृत गर्ने प्रावधान रहेको छ।

९ वटै जिल्लाबाट उत्कृष्ट कृषक छनौट भएपछि ती मध्यका पनि उत्कृष्ट कृषक छनौट गरेर प्रदेशबाट ५ जनालाई सम्मान गर्ने गरिएको उनले बताए।

उनले जिल्ला स्तरमा पुरस्कृत हुने किसानको संख्या न्यून रहेको गुनासो आएका कारण आगामी बर्ष त्यसबारेमा थप छलफल हुने बताए।

## सुदूरपश्चिम खप्तड गोल्डकप

# उद्घाटनमा एपीएफ र वागमती भिड्न

**पोष्ट संवाददाता**

धनगढी। छैटौं संस्करणको मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल प्रतियोगिताको तयारी पुरा भएको छ। बुधबार बेलुका धनगढी रंगशालामा पत्रकार सम्मेलनको आयोजना गरेर आयोजक सुदूरपश्चिम-११ स्पोर्ट्स क्लवले प्रतियोगिताको सबै तयारी पुरा भएको जानकारी गराएको हो।

चैत ९ गते दिउँसो ३ बजे सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रतियोगितको उद्घाटन गर्ने कार्यक्रम तय भएको छ। क्लवका महासचिव प्रकाश शाहीले उद्घाटन खेल नेपाल एपीएफ क्लव र वागमती क्लवबीच विहिबार दिउँसो साढे तीन बजे हुने बताए।

प्रतियोगितामा 'ए' डिभिजन ६ टीम, दुई विदेशी टिम, मोसलको एक र आयोजक क्लव गरी १० टोलीको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ।

प्रतियोगिताको विजेता टोलीले २१ लाख र उपविजेताले १० लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै, सर्वोत्कृष्ट खेलाडीलाई एक लाख रुपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ।

विधागततर्फ उत्कृष्ट खेलाडीलाई जनही १५ हजार र म्यान अफ दि म्याचलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने आयोजकले जानकारी दिएको छ।

सुदूरपश्चिममा पर्वका रुपमा परिचित प्रतियोगिता २०७३ सालदेखि आयोजना हुदै आएको छ। प्रतियोगितामा उद्घाटन खेल हेर्न टिकट नलाग्ने महासचिव शाहीले बताए। यस्तै अन्य दिन विद्यार्थीका लागि एक सय र अन्यका लागि एक सय ५० रुपैयाँको टिकट लाग्ने छ। टिकट काटेका मध्ये दैनिक एक जना दर्शकले गोलाप्रथाबाट एन्ड्रोइड मोबाइल फोन पुरस्कार पाउने छन्।

क्लवका अध्यक्ष सुरेश हमालले सुरुका खेल खेल्ने टीमहरु आइसकेको बताए। उनले सुदूरपश्चिममा आयोजना हुने एकमात्र अन्तर्राष्ट्रिय प्रतियोगिता भएकाले सबैले आफ्नो ठानेर सहयोग गरिदिन आग्रह गरे। मुख्य प्रवर्द्धक रहेको सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले चित्र भट्टको संयोजकका रुपमा पठाएको छ। परिषद्का सदस्य सचिव दिपकबहादुर सिंहले निजि क्षेत्रलाई पछिल्लो समय आर्थिक मन्दीले परेको असरका कारण प्रायोजक पाउन मुस्किल भएका बेला सरकारले आवश्यक सहयोग गरेर गोल्डकप हुन लागेको बताए।

## धनगढीमा आजदेखि...

रूपमा स्थापित गर्न यो कार्यक्रमको आयोजना गरिने बताए। यसले यहाँको भाषा, साहित्य, कला र संस्कृतिलाई विश्वव्यापी गर्न सहयोग पुऱ्याउने विश्वास लिइएको उनले बताए।

यस्तै साहित्यकार रामलाल जोशीले सम्मेलनमा कला, संस्कृति, राजनीतिक परिवेसलगायत थुप्रै विषयमा प्यानल डिस्कसन हुने बताए। उनले साहित्य सम्मेलन सुदूरपश्चिमका लागि एक ब्राण्ड बनिरहेको बताए। सम्मेलन आयोजनाका लागि करिब ८० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। साहित्य समाजले यसअघि धनगढीमा २०७६ सालमा विश्व नेपाली साहित्य सम्मेलन र २०७८ सालमा नेपाली साहित्य सम्मेलन आयोजना गरिसकेको छ।


### मालिका माध्यमिक विद्यालय
### गौरीगंगा नगरपालिका वडा नं. २
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

(पहिलो पटक) मिति २०७९/१२/०९

उपरोक्त सम्बन्धमा यस मालिका माध्यमिक विद्यालय, चौमाला, कैलालीका लागि यस आर्थिक बर्षमा 50 seater School Bus खरिद गर्न 50 seater School Bus खरीद कार्यका लागी यस कार्यालयले मिति २०७९/११/२८ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्म हरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि मालिका माध्यमिक विद्यालय, चौमला, कैलालीको निर्णयनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड(क) को (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिकखरिद ऐन, २०६३ को दफा ६५ को उपदफा(१) (ख) अनुसार उत्पादक वा अधिकृतबिक्रेता द्वारानिर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्नेकार्यविधि, २०७४ को नियम ९(ख) बमोजिम १५(पन्द्र) दिन भित्र मालिका माध्यमिक विद्यालय, चौमला, कैलाली कार्यालयमा सिलबन्दी सहित प्रस्तावपेश गर्न हुन अनुरोध गरिन्छ।

***नोट : नेपाल सरकारबाट लिइने सम्पूर्ण राजस्व छुट हुने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आह्वान गरिन्छ। अन्यथा राजस्व छुट नहुने गरी दरभाउपत्र पेश हुन आएमा स्वतः रद्द हुनेछ।***


## विकासे सपनामा...

१९: पितृसत्तात्मक शोषणको अन्त्य गरी छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिनुपर्ने।
२०: सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्ने र जनजातिहरूको बाहुल्य भएको क्षेत्रमा जातीय शासनको व्यवस्था गर्नुपर्ने।
२१: दलितहरूमाथिको भेदभाव अन्त्य गरिनुपर्ने तथा छुवाछुत प्रथा पूर्ण रूपले बन्द गरिनुपर्ने।
यी तीनै विषयमा आजका माओवादीहरूको चेतना जंगबहादुरका पालाका सामन्तहरूको भन्दा फरक छैन।
छोरीलाई पैतृक सम्पत्ति त के नागरिकतामा समान हक दिनासाथ राष्ट्रियताको जहाज डुब्छ उनीहरूका अनुसार। जातीय विभेदलगायत जातव्यवस्थाको भयावह रूपलाई सायद उनीहरूले छुवाछुतमा सीमित देखेका छन्। त्यसैले छुवाछुत नमानेकोमा आफूलाई क्रान्तिकारी ठान्दै गर्दा लाजै नमानी जातिभेदी हिंसा र सामूहिक हत्याका अपराधीहरूको बचाउ गरेका छन्।
आजका दिनमा आउँदा पनि उनीहरू यो प्रश्न सोधेर त्यसमा इमानदार विमर्श गर्न तयार छैनन्– त्यत्रो समताका लागि लडेको माओवादी पार्टी र सरकारमा उनीहरूका तर्फबाट जाने निर्णायक कार्यकारी पदहरूमा किन पहाडी क्षेत्री वा बाहुन पुरूष मात्रै पुगेका होलान् ?
जनजातिको बाहुल्य भएको क्षेत्रमा जातीय शासनको माग र वकालत गरेका माओवादी देशकै सबैभन्दा प्रताडित थारू समुदायले न्याय र अधिकार माग्दा कहाँ थिए? सुदूरपश्चिमका पहाडे बाहुन-क्षेत्रीको सर्वोच्चतावादसित कसरी त्यहाँको माओवादी पार्टी एकाकार बन्न पुग्यो? टीकापुर काण्डलगत्तै थारू समुदायका घर र व्यवसायहरूमा आक्रमण र आगजनी हुँदा, राज्यपक्ष दंगाकारीसित मिलेर उक्त समुदायलाई आतंकित पार्दा माओवादी किन चुँसम्म गर्न सकेन?
माओवादीका कुरा पत्याएर मुक्तिका लागि भनेर ठूलो बलिदान दिएका थारूलगायत अन्य उत्पीडित समुदायहरूले किन जंगबहादुर, राजा महेन्द्र र प्रचण्डको व्यवहारमा तात्विक अन्तर भेट्न सकेनन्?
२०५२-०६२ को अवधिमा सचेत, न्यायप्रेमी र समतावादी रहेका कमरेडहरू सत्तामा पुग्नासाथ बाजेको पालाका सामन्तजस्ता जातिभेदी, नश्लभेदी र संकीर्ण उग्र-राष्ट्रवादी बनेका होलान् भनेर मलाई विश्वास लाग्दैन। किनकि व्यक्तिको 'मोरल कम्पास' अक्सर उसको किशोरकाल वा युवाकालको सुरूआततिर बनिसकेको हुन्छ। कसैले ऐनमौकामा वा आफू सत्ता र शक्तिमा पुग्नासाथ विभेद र अन्यायको पैरवी र अभ्यास गर्छ भने ऊ कुनै कालखण्डमा न्यायचेतसहितको मानिस थियो भनेर पत्याउन कठिन हुन्छ।
चौथो कुरा, चालीस बुँदे मागको ३९ औं माग यस्तो छ– भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी, कमिसनतन्त्र अन्त्य गरिनुपर्ने। त्यो पनि २०५२ माघ २२ पछिका १५ दिनमा। त्यही १५ दिनसमेत नपर्खी फागुन १ मा त माओवादीले सशस्त्र युद्ध नै सुरू गऱ्यो।
२०६३ पछिका १६ वर्षमध्ये दुई तिहाइभन्दा बढी अवधिमा माओवादी पार्टी सरकारमा छ। पटकपटक सरकारको नेतृत्व समेत गरेको छ। यस अवधिमा उसले देशबाट कति भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी र कमिसनतन्त्र अन्त गऱ्यो त?
बृहत् शान्ति सम्झौतालगत्तै जसै माओवादी लडाकुहरू शिविरमा राखिए, तिनका नाममा राज्यकोषबाट मासिक रकम जान थाल्यो। त्यति बेला शिविरमा हुँदै नभएका २,४३२ लडाकुका नाममा निकासा भएको १ अर्ब ३४ करोड रूपैयाँ पारदर्शी रूपमा भ्रष्टाचार भएको थियो।
शिविरमा राखिएकै झन्डै २० हजारमध्ये असली लडाकुहरू ७ देखि ८ हजार मात्रै भएको, आफूहरूले अनमिनलाई ३५ हजार भनेर ढाँटेर अतिरिक्त वा 'फर्जी' १२ देखि १३ हजारलाई प्रमाणीकरण गर्न सफल भएको भनेर त प्रचण्ड आफैंले भनेका छन्। प्रचण्डकै ७-८ हजारको आँकडालाई सत्य मान्ने हो भने त करदातालाई झुक्याएर उनको पार्टीले असुलेको रकम कैयौं गुणाले बढ्छ।
त्यसबाहेक त्यतिखेर झन्डै १९ हजार लडाकुबाट मासिक १ हजारका दरले अनिवार्य उठाइएको एक अर्ब १४ करोडको हिसाब माओवादीले आजसम्म कसैलाई दिएको छैन। त्यसलाई 'लेबी' नै मान्ने हो भने पनि त्यसको खर्च पारदर्शी हुनुपर्थ्यो। अनमिनको प्रमाणीकरणमा अयोग्य भनेर शिविरबाट निकालिएका तर बालसेना वा युवासेना बनेर सशस्त्र युद्धमा भाग लिएका व्यक्तिहरूले त्यसबाट क्षतिपूर्ति वा अन्य शीर्षकमा राहत पाएको भए त्यस खाले लेबी उठाउनुको औचित्य पनि हुन सक्थ्यो।
व्यवहारमा भने पछि गएर शिविरबाट निस्कने बेलामा पूर्व लडाकुहरूले पाएका चेकसमेत कमान्डरहरूले खोसेको भनेर रूँदै प्रहरी चौकीमा पुगेका लडाकुहरूका कथा बाहिर आएका थिए। अयोग्य भनेर निकालिएका लडाकुहरू आजका दिनसम्म अलपत्र छन्। अर्थात् शिविरमा अपारदर्शी रूपमा खर्च भएको पैसा माओवादी नेतृत्वसम्म पुगेको यकिन छ, त्यसको कुनै हिसाब वा खर्चको विवरण छैन। शान्तिकालसँगै सुरू भएर निरन्तर कायम रहेको माओवादी नेताहरूको त्यस्तो व्यवहारका कारण उनीहरूले पैसाकै लागि युद्ध सुरू गरेका थिएनन् भन्ने दाबी निकै कमजोर बन्न पुगेको छ।
अब यो विषयलाई थप दुई कोणबाट हेरौं– एउटा, सहिद घोषणा गर्ने प्रक्रियासँग कस्ता नैतिक प्रश्नहरू जोडिएका छन्।
अर्को, विगतमा जे भए पनि सहिद घोषणाको निर्णयले युद्धकालमा अन्यायमा पर्नेहरूलाई न्याय दिने र समाजमा मेलमिलाप बढाउने काममा कस्तो व्यावहारिक भूमिका खेल्न सक्छ।
२०५५ असार १० गते ओखलढुंगाका उज्जनकुमार श्रेष्ठलाई माओवादी कार्यकर्ताले हत्या गरे।
२०५८ माघ ३ गतेका दिन लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीलाई माओवादी कार्यकर्ताले रूखमा बाँधेर गोली हानी वीभत्स हत्या गरे।
२०६१ साउन २७ का दिन दैलेखका पत्रकार डेकेन्द्रराज थापालाई माओवादी कार्यकर्ताले कुटीकुटी मारे।
तीनै जनाको नाम सहिद सूचीमा छ। तीनै जना निशस्त्र नागरिकमाथि मानव अधिकारको जघन्य उल्लंघन गर्दै माओवादी पक्षले हत्या गरेको स्थापित भइसकेको छ। दुई जनाको हत्याको विषयलाई त देशको फौजदारी न्याय प्रणालीले निरूपणसमेत गरेको छ।
यदि उनीहरू सहिद थिए, देशमा राजनीतिक परिवर्तनका लागि ज्यान दिएका थिए भने कसैले ज्यान लिएको थियो, उनीहरूको हत्या गरेको थियो। नैतिकता र न्यायको आधारभूत सिद्धान्तअनुसार देशमा राजनीतिक परिवर्तनका पक्षमा खडा हुनेलाई हत्या गर्नेहरू परिवर्तनपछि दण्डित हुनुपर्छ।
शुक्रराज, धर्मभक्त, गंगालाल र दशरथचन्दलाई जसले हत्या गरे, २००७ सालको क्रान्तिपछि तिनको १०४ वर्ष लामो जहाँनियाँ शासन नै ढल्यो।
२०६२-०६३ को आन्दोलनताका आन्दोलनकारीमाथि गोली दाग्ने कामका लागि जिम्मेवार राजा ज्ञानेन्द्र अन्ततः आफ्ना पुर्खाले २५० वर्षसम्म राज गरेको गद्दी छाडेर बाहिरिनुपऱ्यो।
माओवादीले चलाएको युद्धका समयमा पनि युद्धमैदानमा भएका मृत्यु र हत्याहरूका लागि बदला र प्रतिशोध नसाँध्ने गरी नयाँ व्यवस्था सुरू भएकै हो। तर युद्धमैदानभन्दा बाहिर कुनै पुर्वाग्रह, रिसइबी वा अन्धो युद्धोन्मादका कारण जसले उनीहरूजस्ता निहत्था नागरिकको हत्या गरे, उनीहरू त बृहत् शान्ति सम्झौता अनुसार नै पनि दण्डित हुनुपर्ने होइन र?
यो प्रश्न राख्दा कमरेडहरू प्रतिप्रश्न गर्छन्– त्यही सूचीमा २०६० फागुन ५ मा सेनाबाट अनाहक मारिएकी काभ्रेपलाञ्चोककी निर्दोष किशोरी मैना सुनार पनि छन्। दुवै पक्षबाट मारिने उनीजस्तै अरू धेरै पनि छन्। अनि अन्याय कसरी भयो?
सुरूदेखि नै सबै रूपरङका माओवादी दलहरूको जिकिर के छ भने, तत्कालीन सत्तापक्षका


### चौमाला बहुमुखी क्याम्पस
### गौरीगंगा नगरपालिका वडा नं. १
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

(पहिलो पटक) मिति २०७९/१२/०९

उपरोक्त सम्बन्धमा यस चौमाला बहुमुखी क्याम्पस, चौमाला, कैलालीका लागि यस आर्थिक बर्षमा 50 seater Campus Bus खरिद गर्न 50 seater School Bus खरीद कार्यका लागी यस कार्यालयले मिति २०७९/११/२८ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्म हरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि मालिका माध्यमिक विद्यालय, चौमला, कैलालीको निर्णयनुसार सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ८ को उपदफा (१) खण्ड(क) को(८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिकखरिद ऐन ,२०६३ को दफा ६५ को उपदफा(१) (ख) अनुसार उत्पादक वा अधिकृतबिक्रेता द्वारानिर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्नेकार्यविधि, २०७४ को नियम ९(ख) बमोजिम १५(पन्द्र) दिन भित्र मालिका माध्यमिक विद्यालय, चौमला, कैलाली कार्यालयमा सिलबन्दी सहित प्रस्तावपेश गर्न हुन अनुरोध गरिन्छ।

***नोट : नेपाल सरकारबाट लिइने सम्पूर्ण राजस्व छुट हुने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आह्वान गरिन्छ। अन्यथा राजस्व छुट नहुने गरी दरभाउपत्र पेश हुन आएमा स्वतः रद्द हुनेछ।***


## २०७९ यस्तो छ तपाईको राशिफल चैत ९

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
प्रतिस्पर्धीहरूले हार खानेछन् भने वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ। विभिन्न भौतिक साधनहरू जुट्नेछन्।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
गम्भीर नबन्दा अवसर गुम्न सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्। फाइदाका पछि लाग्दा सम्बन्ध बिग्रन सक्छ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ। चुनौती पन्छाउँदै होसियारीसाथ काम लिनुपर्ने समय छ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
मनग्य लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा पनि फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन्।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
भाग्यले विभिन्न अवसर जुराउनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। धेरैले आफ्ना कामको तारिफ गर्नेछन्।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। प्रयत्न गर्दा पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना रहेको छ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
आज व्यापारमा पनि बढी नै फाइदा हुनेछ। ऋणमोचन हुनेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनाले प्रसन्नता मिल्नेछ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
अवसर आए पनि काममा हात हाल्नुअघि विचार पुर्याउनुहोला। आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
अवसरवादीहरूले फसाउने चेष्टा गर्नेछन्। अरूका लागि खर्च बढ्न सक्छ। आस देखाउनेहरूले धोका दिन सक्छन्।


**खुशीको खबर ! खुशीको खबर !!**

*"सीप सिकौं आत्मनिर्भर बनौं।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ।

८ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ।

साथै कपडा पनि उपलब्ध छ।

**बबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

**छोरा र छोरी बिच भेदभाव नगरौं। सभ्य नागरिकको परिचय दिऔं।**

# तत्काल लालपुर्जा वितरण गर्न मन्त्री देउवाको निर्देशन

**पोष्ट संवाददाता**

धनगढी । सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधारमन्त्री प्रकाशबहादुर देउवाले तत्काल लालपुर्जा बितरण गर्न निर्देशन दिएका छन् ।

भूमि आयोग कैलालीका अध्यक्ष यज्ञराज उपाध्याय र पदाधिकारीसँग बुधबार मन्त्रालयमै छलफल गर्दै मन्त्री देउवाले प्रकृया पूरा गरेर जतिसक्दो चाँडो भूमिहीनलाई जग्गा धनी पुर्जा वितरण गर्न निर्देशन दिएका हुन् । बुधबार भेटवार्ताका क्रममा मन्त्री देउवाले अव्यवस्थित तथा सुकुम्वासी, भूमिहिनहरुलाई व्यवस्थित पार्ने विषयमा भईरहेको कार्यप्रगतिका बारेमा चासो राखेका थिए ।

उनले जग्गा नापीका कार्यालाई तिब्र पारी तत्काल लालपूर्जा वितरण गर्न भने । जनशक्ति थपेर भए पनि चाडो भन्दा चाडो जनताको हातमा पूर्जा उपलब्ध गराउने पर्ने भेटघाटका क्रममा मन्त्री देउवाले बताए । उनले भने, 'जग्गा नाप नक्सा र अन्य कार्य तीब्र गतिमा अघि बढाई लालपुर्जा बितरणको कार्य तत्काल सुरु गर्नुहोस' उनले भने । मन्त्री सँगको भेटपछि आयोगका अध्यक्ष उपाध्यायले प्रकृया अघि बढिरहेको र अब अझै तीब्रता दिइने बताए ।

# रानी-जमरा-कुलरिया सिँचाइको काम आधा पनि भएन

**पोष्ट संवाददाता**

धनगढी । आर्थिक वर्ष २०६८-६९ मा सुरु भएको राष्ट्रिय गौरव अन्तर्गतको आयोजना रानी जमरा कुलरिया सिँचाइको म्याद सकिन लाग्दा काम आधा पनि हुन सकेको छैन । निर्माण सुरु भएको एक दशकभन्दा बढी समय भइसक्दा पनि प्रगति भने न्यून अवस्थामा छ । कूल ३८ हजार तीन सय हेक्टरमा सिँचाइ सुविधा पुर्याउने उद्देश्यले सुरु भएको आयोजना निर्माणको म्याद आव २०८०-८१ मा सकिँदैछ । आयोजना विश्व बैंकको आर्थिक सहयोगमा निर्माण हुन लागेको हो ।

रानी, जमरा र कुलरिया गरी तीन खण्डमा काम भइरहेको आयोजनाको रानी र कुलरिया खण्डको कामको प्रगति सन्तोषजनक छैन । जमरा खण्डको कामले सुरुदेखि नै गति लिएको भए पनि रानी र कुलरिया क्षेत्रको कामबाट आयोजनाकै अधिकारी पनि सन्तुष्ट छैनन् ।

एउटै समयमा सुरु भएको कामको प्रगति हेर्दा रानीको १८ प्रतिशतमात्रै भएको छ भने कुलरिया खण्डमा २० प्रतिशत काम सम्पन्न भएको छ । सबैभन्दा बढी जमरा खण्डमा ६५ प्रतिशत काम सम्पन्न भएको आयोजनाका इञ्जिनियर प्रेम लासिवाको भनाइ छ । निर्माण कम्पनीको लापरबाहीका कारण काम सुस्त भएको आरोप लगाउँदै निर्धारित समयमा काम सम्पन्न नहुने उनको भनाइ छ ।

"सबै क्षेत्रमा एकैसाथ काम सुरु भएको हो, एउटा कम्पनीले ६५ प्रतिशत काम पूरा हुँदा दुई कम्पनीको कामको प्रगति ज्यादै न्यून छ,' उनले भने, 'हामीले ताकेता गरिरहेका छौं तर निर्माण कम्पनीले काम गर्न सकेको छैन ।' आयोजनाको काममा लागि तीनवटा निर्माण कम्पनीले ठेक्का पाएका छन् । जसअन्तर्गत रानी कुलोको ठेक्का गौरीशङ्कर निर्माण सेवा र जिभिभी भारतीय कम्पनीले संयुक्तरूपमा लिएका छन् । साथै जमराको ठेक्का रामेछाप निर्माण सेवा र कान्छाराम निर्माण सेवाले पाएका छन् भने कुलरिया खण्डमा हाइहिमालय हाइड्रो कन्स्ट्रक्सन प्रालिले ठेक्का पाएको छ ।

दुई वर्ष कोरोना सङ्क्रमणको कारणले काममा ढिलासुस्ती भएको र अहिले आर्थिक मन्दीका कारण काम गर्न समस्या भएको निर्माण कम्पनीहरुको दाबी छ । रामेछाप निर्माण सेवाका साइट इन्चार्ज छिरिङ शेर्पाले आयोजनाको काम सम्पन्न हुनसक्ने स्थिति नदेखिएको स्वीकार गरे । 'काम गर्दै आएका छौं । सम्पन्न गर्नुपर्ने समय नजिकिँदै आएको छ । अझै करिब ३० प्रतिशतभनदा बढी काम बाँकी छ,' उनले भने, 'काम गर्दै जाँदा आएका समस्याका कारण समयमा काम सक्न ढिलाइ भएको हो । कयौं ठाउँमा डिजाइन नै परिवर्तन गर्दै काम गर्नुपर्ने स्थिति काम गर्दै जाँदा आयो ।' कम्पनीले मरा कुलो क्षेत्रको संरचना निर्माणका लागि रू ५४ करोडमा ठेक्का पाएको थियो ।

कुलरिया कुला क्षेत्रको कामको जिम्मा पाएको हाइहिमालय हाइड्रो कन्स्ट्रक्सनका साइट इन्चार्ज निर्भय रिसाल पनि सम्झौता म्यादभित्र काम सम्पन्न हुने सम्भावना नरहेको बताउँछन् । उनले काम ढिलो हुनुमा निर्माण कम्पनीको नभई आयोजना कार्यालयको दोष देखाए । 'काम किन ढिलो भयो भनेर हामीलाई होइन, आयोजना कार्यालयलाई राम्रोसँग थाहा छ । हाम्रो कारणले काममा ढिलाइ भएको छैन,' उनले भने, 'कामका बारेमा कति प्रगति निकै कम भएको छ । त्यसमा काम गर्ने वातावरण आयोजना कार्यालयले बनाउन नसकेकै कारण काम हुन नसकेको हो ।'

निर्माण व्यवसायीका कारण आयोजनाको काम धरापमा पर्ने चिन्ता रानी जमरा कुलरिया सिँचाइ प्रणाली जल उपभोक्ता मूल समितिको छ । समितिका अध्यक्ष कुमारराज शाहीले निर्माण कम्पनी जिम्मेवार नबन्दा आयोजनाको काम समयमा सम्पन्न हुनसक्ने अवस्था नरहेको स्पष्ट पारे ।

उनले आयोजनाले काम गर्न ताकेता गर्दा पनि ठेकेदार कम्पनीले आयोजनालाई नटेरेको आरोप लगाए । 'ठेकेदारले काम गर्दैन, आयोजना कार्यालयको निर्देशनको कार्यान्वयन हुँदैन । किसानले मूल समितिलाई आरोप लगाउँछन्,' अध्यक्ष शाहीले भने, 'समस्या किसानलाई भएको छ । समयमा कुलोमा पानी ल्याउन पाएको छैन । समयमा खेती गर्न पाएको छैन ।'

# दार्चुलाका दुई जना चरेश सहित भारतमा पक्राउ

**पोष्ट संवाददाता**

धनगढी । चरेससहित भारतमा दार्चुलाका दुई पक्राउ परेको छ । उत्तराखण्ड प्रहरीको विशेष अपरेशन समूहले चैत ६ गते धारचुला तहसिल नयाँबस्तीबाट दार्चुला महाकाली नगरपालिका-६ पौनेखोलाका ३० वर्षीय उमेश बहादुर पाल र दुहु गाउँपालिका-१ पिपौलचौरीका २६ वर्षीय रवि कुवँरलाई पक्राउ गरेको हो । प्रहरीले ३ किलो ६८० ग्राम चरेश सहित उनीहरूलाई सोमवार बेलुकी ७ बजे पक्राउ गरेको उत्तराखण्ड प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुबैजनाविरुद्ध लागूऔषध ओसारपसार सम्बन्धी एनडीपीएस एक्टअन्तर्गत मुद्दा चलाइएको उत्तराखण्ड प्रहरीले जनाएको छ । बरामद गरिएको चरेश दार्चुला नाकाबाटै भारत लगिएको आशङ्का गरिएको छ । भारतको धारचुला क्षेत्रमा चरेशसहित दुई जना पक्राउ गरिएको खबरपछि खलङ्गास्थित सीमा नाकाको चेकजाँचमा कडाइ गरिएको प्रहरीले जनाएको छ । भारतीय प्रहरीले लागुऔषध नियन्त्रणका लागी बिशेष अभियान नै चलाएर निगरानी पक्राउ गरिहेको बताएको छ ।

**पत्रिका मागेर होईन किनेर बढौं ।**

# स्ववियु निर्वाचन

## पाटनमा नेविसंघ विजयी

पोष्ट संवाददाता

धनगढी । बैतडीको पाटन बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा नेपाल विद्यार्थी संघकी भागरथी भट्ट विजयी भएकी छन् । विजयी भट्टले ८९ मत ल्याइन् भने उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियुका निराजन पन्तले ७४ मत ल्याए ।

सचिवमा एकीकृत स्वतन्त्र विद्यार्थी युनियनका भोजराज अवस्थी ८६ मतसहित निर्वाचित भएका छन् भने उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियु क्रान्तिकारीका रामदत्त भट्टराईले ६३ मत ल्याएका छन् ।

कोषाध्यक्षमा अनेरास्ववियुका दिलेन्द्रसिंह ठगुन्ना ८३ मतसहित विजयी भएका छन् भने उनका निकटतम् प्रतिस्पर्धी अखिल क्रान्तिकारीकी भुवनेश्वरी कठायतले ७४ मत ल्याइन् । यस्तै सदस्यहरुमा अनेरास्ववियुका रोशन पाण्डे १ सय १ मत, दिपकसिंह ऐर ९६ मत र चन्द्रावती भट्ट ८७ मत ल्याएर विजयी भएका छन् । यस्तै नेविसंघका मीना भट्ट ९५ मत, कल्पना विक ८८ मत र बेबिना जोशी ९३ मत ल्याएर सदस्य पदमा निर्वाचित भएका छन् ।

पाटन बहुमुखी क्याम्पसमा नेविसंघ र अखिल क्रान्तिकारीले चुनावी तालमेल गरेको थियो भने अनेरास्ववियु एक्लै चुनाव लडेको थियो । सो क्याम्पसमा २ सय ७६ मतदाता रहेकोमा २ सय २७ मत खसेको निर्वाचन समितिका संयोजक फणेन्द्र अवस्थीले बताए ।

## सिताराम बहुमुखीमा नेविसंघ निर्बिरोध

धनगढी । सिताराम बहुमुखी क्याम्पस उच्चाकोट डोटीमा नेविसंघको प्यानल निर्विरोध निवार्चित भएका छ । अन्य कसैको उम्मेदवारी नपरेपछि नेबिसंघका उम्मेदवारलाई निर्बाचन समितीले बिजयी घोषणा गरेको हो । जसको सभापतीमा उमेश बलायर, सचिबमा मनिषा कुमारी भट्ट र कोषाध्यक्षमा ललित बहादुर साउँद रहेका छन ।

उक्त क्याम्पसमा तीन बिधार्थी संगठन दर्ता भएपनी सभापतीमा नेबिसंघ र अनेरास्वबियुले उम्मेदवारी दिएका थिए । तर दाबी बिरोधमा अनेरास्वबियुका उम्मेदवारको उम्मेदवारी रद्द भएपछि नेबिसंघका उम्मेदवारी निर्बिरोध बिजयी भएको क्याम्पस प्रमुख चेतराज भट्टले जानकारी दिए । उक्त क्याम्पसमा ५८ मतदाता रहेका थिए ।

## जगन्नाथमा नेविसंघ विजयी

धनगढी । बैतडीको सदरमुकाम गोठलापानीस्थित जगन्नाथ बहुमुखी क्याम्पसको स्ववियु सभापतिमा नेपाल विद्यार्थी संघका धनी भट्ट विजयी भएका छन् । सुदूरपशिचमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस जगन्नाथ बहुमुखी क्याम्पसमा १ सय २० मतसहित भट्ट विजयी भएका हुन् । उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियुका योगेश मौनीले ३६ मत मात्रै प्राप्त गरे ।

यस्तै सचिवमा नेविसंघकै किशोरराज पन्त १ सय १८ मतसहित विजयी भएका छन् । उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियुकी आसा भट्टले ३८ मतमात्रै प्राप्त गरिन् । यस्तै कोषाध्यक्षमा नेविसंघकी ममता भट्ट विजयी भइन् । विजयी ममताले १ सय १० मत ल्याइन् भने उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियुकी रेखा बोगटीले ४३ मत ल्याइन् ।

सदस्यहरुमा नेविसंघकी गीता बोहरा १ सय १२ मत, ललिता चन्द १ सय ७ मत, विन्दुकुमारी बडु ११४ मत ल्याएर विजयी भएकी छन् । यस्तै अनेरास्ववियुकी संगीता पाण्डेय ४४ मत ल्याएर सदस्यमा विजयी भएकी छन् । समानुपातिक तर्फ नेविसंघले १ सय १६ मत प्राप्त गरेको छ भने अनेरास्ववियुले ४० मत प्राप्त गरेको जगन्नाथ बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पृथ्वीराज अवस्थीले बताए ।

## मणिलेक क्याम्पसमा नेविसंघका विजयी

धनगढी । बैतडीको मणिलेक क्याम्पस मेलौलीको स्ववियु सभापतिमा नेपाल विद्यार्थी संघका नवराज भट्ट प्यानलसहित विजयी भएका छन् । नेविसंघका भट्टले ७० मत ल्याए भने उनका निकटतम् प्रतिस्पर्धी अनेरास्ववियुका धनीदत्त भट्टले ४४ मत ल्याए । मणिलेक क्याम्पसमा अनेरास्ववियु र अनेरास्ववियु क्रान्तिकारी संयुक्त प्यानल बनाएर चुनाव लडेका थिए भने नेविसंघ एक्लै चुनाव लडेको थियो ।

सो क्याम्पसको स्ववियु सचिवमा नेविसंघकै निरज भट्ट ६८ मत ल्याएर विजयी भएका छन् भने संयुक्त प्यानलकी मीना भट्टले ४३ मत ल्याएकी छिन् । यस्तै कोषाध्यक्षमा नेविसंघकी सुशीला नेगी विजयी भएकी छिन् । नेगीले ७१ मत ल्याइन् भने उनका निकटम् प्रतिस्पर्धी संयुक्त प्यानलकी सावित्री पार्कीले ४० मत ल्याइन् ।

यस्तै सदस्यहरुमा नेविसंघका दिनेशसिंह साउँद ६६ मत, पूजा चन्द ७२ मत, सुनिता भट्ट ६७ मत र मनोजदत्त ओझा ७१ मत ल्याएर विजयी भएका छन् ।

निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

उपलब्ध विशेषज्ञ सेवाहरू...

नवजात शिशु तथा बालरोग सेवा
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रश्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

हाडजोर्नी तथा नसा रोग सेवा
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भांचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

जनरल मेडिसिन (फिजिसियन) सेवा
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

जनरल तथा दुरबिन बाट अप्रेशन सेवा
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

स्त्री तथा प्रसुती रोग सेवा
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

भिडियो एक्स-रे सेवा
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ् सेवा ।

मानसिक तथा नशा रोग सेवा
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

मुख, अनुहार तथा बङ्गारा रोग सेवा
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

नाक, कान, घाँटी रोग सेवा
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

छाला, यौन रोग तथा सौन्दर्य सेवा
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

मृगौला तथा मुत्र रोग सेवा
मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

न्युरो तथा मस्तिस्क रोग सेवा
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।


सघन उपचार (ICU) सेवा


नवजात शिशु (NICU) सेवा


बाल सघन (PICU) सेवा


कृतिम स्वास प्रस्वास (Ventilator)


२४ सै घण्टा अप्रेशन सेवा


साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर, धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी